जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

आज मिति २०८१ साल असोज ११ गते शुक्रबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

CamScanner

**प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा ।**

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गरियो ।

**प्रस्ताव नं. २:- प्रशासकीय भवन निर्माण सम्बन्धमा ।**

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ३ को उपदफा (४) बमोजिम प्रशासकीय भवन निर्माण आयोजनाको कूल लागतको चालीस प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने प्रतिबद्धता सहित सोही कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिम प्रशासकीय भवन निर्माण आयोजना मागको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : विद्यालय भवन निर्माण तथा मर्मतको लागि विद्यालय छनौट गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ जानकी गाउँपालिकाको अ.व. २०८१/०८२ को स्वीकृत स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माणको लागि विद्यालय छनौट गर्न विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० तथा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/०८२ को प्रावधान बमोजिम विद्यालयको भौतिक सर्वेक्षणको आधारमा तपसिल बमोजिमका विद्यालय छनौट गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

| क्र.स. | विद्यालयको नाम, ठेगाना | शैक्षिक | विद्यालयको आवश्यकता |
|---|---|---|---|
| १. | श्री भृकुट्टी मा.वि.जानकी-३, सुवर्णपुर | ५३९ | अधुरो भवन निर्माण |
| २. | श्री कालिका प्रा.वि. जानकी-१, वेलासपुर | ७२ | अधुरो भवन निर्माण |
| ३. | श्री मोति मा.वि. जानकी-७, मोतिनगर | ३५२ | अधुरो भवन निर्माण |
| ४. | श्री बालज्योति मा.वि. जानकी-६, जगतपुर | २६९ | अधुरो भवन निर्माण |
| ५. | श्री राष्ट्रिय आ.वि. जानकी-८, खैरिपुर | १९३ | अधुरो भवन निर्माण |
| ६. | श्री राष्ट्रिय आ.वि. जानकी-४, मुनुवा | १५३ | छाना मर्मत |
| ७. | श्री जनकल्याण आ.वि.जानकी-३, लायकपुर | १८१ | छाना मर्मत |
| ८. | श्री जयपार्वती आ.वि. जानकी-२, परागिपुर | १०६ | छाना मर्मत |
| ९. | श्री पारस आ.वि. जानकी-९, अमरावती | ८१ | छाना मर्मत |
| १०. | श्री सरस्वति मा.वि. जानकी-१, दुर्गौली | ३६२ | छाना मर्मत |
| ११. | श्री कालिका आ.वि. जानकी-२, कालिकापुर | ७२ | घेरा पर्खाल निर्माण |
| १२. | श्री अरुणोदय मा.वि. जानकी-९ खैरीफाँटा | ७०३ | शौचालय निर्माण |

अनिश चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०६।११
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं.४ :- विद्यालय रङ्गरोगनको लागि विद्यालय छनौट गर्ने सम्बन्धमा ।

निर्णय नं.४ :- प्रस्ताव नं. ४ जानकी गाउँपालिकाको अ.व. २०८१/०८२ को स्वीकृत विद्यालय रङरोगन कार्यक्रमको लागि विद्यालय छनौट गर्न विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० तथा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/०८२ को प्रावधान बमोजिम विद्यालयको भौतिक सर्वेक्षणको आधारमा तपसिल बमोजिमका विद्यालय छनौट गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.स. | विद्यालयको नाम, ठेगाना | शैक्षिक सत्र २०८१ को विद्यार्थी संख्या | विद्यालयको आवश्यकता |
|---|---|---|---|
| १. | श्री भृकुट्टी मा.वि. जानकी-३, सुवर्णपुर | ५३९ | रङ्गरोगन |
| २. | श्री हिमालय राष्ट्रिय मा.वि. जानकी-९ अमरावती , | ४१० | रङ्गरोगन |
| ३. | श्री महेन्द्रशिशु मा. वि. जानकी-६ धर्मापुर , | ३७६ | रङ्गरोगन |
| ४. | श्री सरस्वति मा.वि. जानकी-१, दुर्गौली | ३६२ | रङ्गरोगन |
| ५. | श्री मोति मा.वि. जानकी-७, मोतिनगर | ३५२ | रङ्गरोगन |
| ६. | श्री आदर्श मा.वि. जानकी-२ खर्गौली , | २५८ | रङ्गरोगन |
| ७. | श्री राष्ट्रिय माध्यमिक विद्यालय जानकी-५ अमौरा , | २२५ | रङ्गरोगन |
| ८. | श्री राष्ट्रिय आ.वि. जानकी-८, खैरिपुर | १९३ | रङ्गरोगन |
| ९. | श्री राष्ट्रिय आ.वि. जानकी-४, मुनुवा | १५३ | रङ्गरोगन |

प्रस्ताव नं. ५ :- जानकी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ मा छलफल गर्दा यस जानकी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि Everest Engineering Consultancy Pvt. Ltd. Kathmandu ले तयार गरी पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ :- बेरोजगारहरुको प्राथमिकताक्रमको सूची सार्वजनिक गर्ने सम्बन्धमा ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ मा छलफल गर्दा आ.व. २०८१।०८२ मा रोजगार व्यवस्थापन सूचना प्रणालीको वडागत प्राथमिकताक्रममा रहेका वडा नं. १ देखि ९ वडाका जम्मा ३१५ जना सूचीकृत बेरोजगारहरुको सूची प्रकाशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ :- प्राथमिकताक्रममा रहेका बेरोजगारहरुलाई रोजगारीमा खटाउने सम्बन्धमा ।

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ मा छलफल गर्दा रोजगार व्यवस्थापन सूचना प्रणालीको पहिलो प्राथमिकताक्रममा परेका १८-४० बर्ष समुहका बेरोजगार व्यक्तिहरुलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ४० जना र रोजगार व्यवस्थापन सूचना प्रणालीको पहिलो प्राथमिकताक्रममा परेका १८-५९ बर्ष समुहका बेरोजगार व्यक्तिहरुलाई कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना अन्तर्गत ३० जना गरी जम्मा ७० जनालाई १०० दिन बराबरको रोजगारी दिने गरि क्रमश रोजगारीमा खटाउने निर्णय गरियो ।

प्रतिशा चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०६।२१
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. ८ :- जानकी गाउँपालिकाको आ.व. २०८१।०८२ को महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी वार्षिक नीतिको बुँदा नं. ३३ कार्यान्वयन गर्ने सम्बन्धमा ।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ मा छलफल गर्दा जानकी गाउँपालिकाको आ.व. २०८१।०८२ को महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी वार्षिक नीतिको बुँदा नं. ३३ "*बालबिवाह गैर कानुनी कार्य भएकोले सो को न्यूनिकरण/अन्त्यका लागि पालिका र वडावाट सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन् । बालविवाह गर्ने/गराउने घरपरिवार र व्यक्तिलाई गाउँपालिका र वडा कार्यालयहरुबाट उपलब्ध गराईने सार्वजनिक सेवा सुविधाहरु प्रवाहमा क्रमश: कटौती गरिनेछ । बाल विवाह अन्त्य र "बिहेवारी, बीस वर्ष पारी" नारालाई सफल बनाउन बिबाह गर्नु पूर्व सम्बन्धित वडा कार्यालयबाट सिफारिस लिने व्यवस्था मिलाईनेछ ।*" को तपसिल बमोजिमको कार्य योजना (Work Plan) बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) पत्रकार सम्मेलन मार्फत व्यापक प्रचार प्रमार गर्ने,
(ख) जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,
(ग) सन्देशमूलक सूचना (अडियो/भिडियो) सामाजिक सञ्जाल मार्फत प्रशारण गर्ने,
(घ) विवाहको लागि सिफारिस लिन आउँदा नि:शुल्क सिफारिस उपलब्ध गराउने ।

**प्रस्ताव नं. ९ :- सार्वजनिक शौचालय हटाउने सम्बन्धमा ।**

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय, धनगढी, कैलालीको प.सं. २०८१।०८२, च.नं. ८४, मिति २०८१।०५।१६ गतेको प्राप्त पत्र सम्बन्धमा योजना कार्यालय र निर्माण व्यवसायी श्री Apex-Khadka Krishna JV, Kathmandu बीच सम्झौता भई निर्माणाधीन रहेको Upgrading of Lamki-Tikapur-Khakraula Road, Kailali (Chainage:8-000 to18+000km), Contract No:- HRP/337011284/076/77UR-003 को सडकमा दुर्गौली बजार नजिक साइटमा नाली निर्माणको क्रममा त्यहाँ स्थित सार्वजनिक शौचालय निर्माण स्थल (drain line) मा पर्ने हुँदा उक्त सार्वजनिक शौचालय हटाई निर्माण कार्यमा सहजीकरण गरिदिनुहुन अनुरोध भई आएको हुँदा उक्त सार्वजनिक शौचालय हटाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १० :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँ कार्यपालिका समक्ष विभिन्न मितिमा प्राप्त हुन आएका आर्थिक सहयोग सम्बन्धी निवेदन उपर जाँचबुझ गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

| सि.न. | व्यक्ति/संस्थाको नाम, ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | आशा राम चौधरी (ना.प्र.नं. ६७-०२-७४-०६९९२, कैलाली) जानकी-६ | २५,०००।- | अन्य सामाजिक सहायता खर्च शिर्षक | घरको आर्थिक स्थिति कमजोर रहेकोले सुगर र थाइराइडको उपचारार्थ । |
| २. | खगेन्द्र बहादुर विश्वकर्मा (ना.प्र.नं.११९२०, कैलाली) | १५,०००।- | | मोटरसाइकल दुर्घटना भई दायाँ काँधको हड्डी भाँचिएकोले उपचार गराउन सहयोग । |

शिक्षा चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०६।११
**गणेश चौधरी**
**अध्यक्ष**

CamScanner